चुक्ता पूँजी	४,४९६,१४३	७,५८४,५३५	८,४६४,३८५	८,४६४,३८५	८,४६४,३८५	८,४६४,३८५
जगेडा तथा कोषहरु	१,७४५,६५१	२,२९६,५७३	४,२७३,४६४	५,५२४,४४१	८,१४६,८१६	११,३२६,८५६
कुल	६,२४१,७९४	९,८८१,१०८	१२,७३७,८४९	१३,९८८,८२६	१६,६११,२०१	१९,७९१,२४१
घटाउने : अपलेखन गर्न बाँकी खर्च						
कुल नेटवर्थ	६,२४१,७९४	९,८८१,१०८	१२,७३७,८४९	१३,९८८,८२६	१६,६११,२०१	१९,७९१,२४१
शेयर संख्या (हजारमा)	४४,९६१	७५,८४५	८४,६४४	८४,६४४	८४,६४४	८४,६४४
प्रति शेयर नेटवर्थ (रु.)	१३८.८३	१३०.२८	१५०.४९	१६५.२७	१९६.२५	२३३.८२
प्रति शेयर चुक्ता पूँजी	१००	१००	१००	१००	१००	१००
नेटवर्थमा औसत प्रतिफल	२०.१०	१४.०३	१४.५६	१५.३१	१५.७९	१६.०७
निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा ।				ऋणपत्र जारी पश्चात् यसले नेटवर्थमा प्रत्यक्ष वृद्धि नगर्ने		

सम्बन्धित आ.व. मा नै लाभांश प्रस्ताव गरिने र वार्षिक साधारण सभावाट पारित हुनुपर्ने ।
माथि उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, निष्काशनकर्ता बैंकको हालको दक्षता र निष्काशनकर्ता बैंकले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी ए.बि.एस्. एण्ड एसोसिएटस्, चार्टर्ड एकाउण्टेन्टले प्रमाणित गरेको छ ।

११. अन्तर्निहित जोखिम तथा सो को व्यवस्थापनका लागि व्यवस्थापनको धारणा :
(क) **वित्तीय साधनको अभावबाट हुने जोखिमः**
 १. निक्षेप तथा कर्जाको ब्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु ।
 २. नेपालको बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु ।
(ख) **कच्चा पदार्थको अभावबाट हुने जोखिम** : लागू नहुने ।
(ग) **उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम** : सम्पूर्ण बैंकहरु व्यापार विस्तारमा लागेकाले त्यसबाट हुनसक्ने जोखिमहरु ।
(घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (Cost Overrun) को जोखिम** : लागू नहुने ।
(ङ) **विदेशी विनिमयको जोखिमः** देशको वैदेशिक व्यापार नीतिमा हुन सक्ने परिवर्तन तथा विदेशी मुद्राको विनिमय दरमा घट्बढ भई उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु ।
(च) **कानुनी प्रक्रियाहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने सो बाट पर्न सक्ने अवरोधहरु** : सो नभएको ।
(छ) **क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम** : अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने जोखिमहरु ।
(ज) **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट हुने जोखीमः** नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक, वित्तीय तथा मौद्रिक नीति नियममा एवं नेपाल राष्ट्र बैंकले जारी गर्ने निर्देशनबाट सिर्जना हुन सक्ने जोखिमहरु ।
(झ) **संचालन इतिहासको अभाव** : यस बैंकको संचालन इतिहास करिव १६ बर्षको रहेकोले बैकमा संचालन अनुभवको अभाव नभएको ।
(ञ) **प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखीम** : नयाँ प्रविधिको विकाससँगै बैंकले प्रयोग गर्ने इन्टरनेटमा आधारित बैंकिङ्ग/वित्तीय लगायतका प्रविधिमा हुने खराबीले पर्न सक्ने संचालन तथा साख सम्बन्धि जोखिम । सो को लागि बैंकले आफ्ना कर्मचारीहरुलाई आवश्यक तालिम प्रदान गरिरहेको, सचेतना जगाइरहेको ।
(ट) **अन्य** :
 १. बैंकले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम ।
 २. देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
 ३. पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।
 ४. बैंकले सरकारी तथा गैर सरकारी धितोपत्रहरुमा लगानी गरेकोलेत्यस्तो लगानीमा हुने मूल्य परिवर्तनको जोखिम ।

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ।
बैंकको कर्जा तथा लगानी खराब भई हुन सक्ने जोखिमहरुको लागि बैंकले कर्जा तथा लगानीको लागि जोखिम व्यहोर्ने कोषको व्यवस्था गरेको छ । बैंकले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा ध्यान पुर्‍याउनुको साथै अन्य व्यवसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध रहेकोछ । त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवं समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने बैंकको नीति रहेको छ ।
धितोपत्र मूल्य परिवर्तन सम्बन्धि जोखिम : रु.१०००/- प्रति ऋणपत्रको दरले निष्काशन गरिएको मूल्यले सूचिकरण पश्चात धितोपत्र बजारमा हुने कारोवार मूल्य नजनाउने भएकोले ऋणपत्र मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

१२. ऋणपत्र निष्काशन सम्बन्धी विवरण :
(क) **स्वीकृत विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको "एस बि एल डिबेन्चर २०८२" सम्बन्धी विवरण देहाय बमोजिम रहेकोछः**
 (अ) **ऋणपत्र निष्काशनको शर्त बन्देजहरुः**ऋणपत्र निष्काशन सम्बन्धी शर्त र बन्देजहरु यस विवरणपत्रको दफा २० (ज) मा उल्लेख गरिएको छ ।
 (आ) **ऋणपत्रको अवधि (Maturity Period)**: यस ऋणपत्रको अवधि ऋणपत्र बाँडफाँट भएको दिनबाट ७ (सात) बर्षको हुनेछ । सो अवधि पश्चात कम्पनीले यस ऋणपत्रको साँवा र अन्तिम किस्ताको तिर्न बाँकी ब्याज रकम एकमुष्ठ भुक्तानी गर्नेछ ।
 (इ) **निष्काशन गरिने ऋणपत्रको रकम** : सात वर्ष अवधि तथा वार्षिक १०.५ प्रतिशत ब्याजदर भएको प्रति डिबेन्चर रु.१,०००/- अंकित मूल्यका २२ लाख ५० हजार कित्ताले हुन आउने रु.२ अर्ब २५ करोड बराबरको ऋणपत्र मध्ये ४ लाख ५० हजार कित्ता ऋणपत्रले हुन आउने कुल रु.४५ करोड ऋणपूँजी रकम (सो मध्ये ५% अर्थात २२,५०० कित्ता डिवेन्चर सामुहिक लगानी कोषका लागि छुट्टयाएको समेत) सर्वसाधारण नेपालीको लागि सार्वजनिक निष्काशनबाट बिक्री गरिनेछ । साथै, १८ लाख कित्ता डिबेन्चरले हुन आउने कूल रु.१ अर्ब ८० करोड ऋणपूँजी रकम व्यक्तिगत तवर (Private Placement)बाट बिक्री गरिनेछ ।
 (ई) **ऋणपत्र साधारण शेयरमा परिणत हुने वा नहुने** : स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र ७ (सात) बर्षको अवधि पश्चात एकमुष्ठ रुपमा भुक्तानी गरिने भएकोले उक्त ऋणपत्र साधारण शेयरमा परिणत नहुने ।
 (उ) **ऋणपत्रको ब्याजदर (Coupon Interest Rate) र ब्याज भुक्तानी गर्ने अवधि/समय (Interest Payment Period)** : यस ऋणपत्रको वार्षिक ब्याजदर १०.५% हुनेछ । यस ऋणपत्रमा आर्जित ब्याज रकममा आयकर ऐन अनुसार कर लाग्नेछ । यस ऋणपत्रमा आर्जित ब्याज रकम प्रत्येक आर्थिक बर्षको प्रथम अर्धबार्षिक (पौष मसान्त) र द्बितीय अर्धबार्षिक (आषाढ मसान्त) समाप्त भए पश्चात भुक्तानी दिइनेछ । ब्याज रकम भुक्तानी दिँदा प्रथम अर्धबार्षिक (पौष मसान्त) समयसम्म यस ऋणपत्रमा आर्जित ब्याज रकम हरेक बर्षको माघ १ गतेदेखि र द्बितीय अर्धबार्षिक (आषाढ मसान्त) समयसम्म यस ऋणपत्रमा आर्जित ब्याज रकम हरेक बर्षको श्रावण १ गतेदेखि भुक्तानी गरिनेछ ।
 (ऊ) **ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves)** : स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्रलाई निर्धारित ७ (सात) बर्ष समयावधिमा फिर्ता भुक्तानी गर्नका लागि कम्पनीले ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) को व्यवस्था गर्नेछ । ऋणपत्रको अवधिमा कम्पनीको नाफा नोक्सान बाँडफाँट हिसाब खाता (Profit & Loss Appropriation A/c) बाट ऋणपत्र निष्काशन भएको तेस्रो बर्ष देखि सातौं वर्षसम्म रु.४५०,०००,०००/- का दरले हुने रकम ऋणपत्र भुक्तानी जगेडा कोषमा रकमान्तरण गरिनेछ । कम्पनीले कुनै आर्थिक वर्षमा मुनाफा आर्जन गर्न नसकेको खण्डमा समेत सो वर्षमा ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) मा रकमान्तरण गर्नु पर्ने रकम रकमान्तरण गरिनेछ । यदि कम्पनीको कुनै आर्थिक वर्षमा मुनाफा नभएमा अघिल्लो वर्षहरुको संचित मुनाफाबाट ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) मा रकमान्तरण गर्नु पर्ने रकम रकमान्तरण गरिनेछ ।
 (ए) **ऋणपत्रवालाको अधिकार** : स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र खरिद गर्ने ऋणपत्रधनीहरुलाई कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानून बमोजिम ऋणपत्रधनीलाई प्राप्त हुने सम्पूर्ण हक सुविधा प्राप्त हुनेछ । तर त्यस्तो ऋणपत्रधनीहरुलाई कम्पनीको साधारण सभामा भाग लिन र मतदात गर्ने अधिकार हुने छैन । कथंकदाचित बैंक टाटपल्टेमा स्वीकृत विवरणपत्र मार्फत निष्काशित ऋणपत्रको भुक्तानी निक्षेपकर्ताहरु भन्दा पछाडी मात्र हुनेछ ।

(ख) **संगठित संस्थाको सम्पत्तिमा ऋणपत्रवालाको हक सम्बन्धी विवरणः**
स्वीकृत विवरणपत्र मार्फत निष्काशन हुने ऋणपत्र बैंकको सम्पत्ति सुरक्षण नराखी निष्काशन गरिएको असुरक्षित ऋण (Unsecured Debt) भएको र कथंकदाचित बैंक टाटपल्टिएमा अन्य सुरक्षित साहु र निक्षेपकर्ता भन्दापछि (रु.१०१.७५ अर्व - २०७६ आषाढ मसान्तमा) मात्र भुक्तानीमा प्राथमिकता हुने गरी निष्काशन गरिएको सहायक ऋण (Subordinate Debt) भएको हुँदा प्रचलित कानूनले प्रदान गरेको बाहेक कम्पनीको सम्पत्तिमा ऋणपत्रधनीको कुनै निर्दिष्ट हक (Specific Charge) अधिकार हुने छैन । स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्रधनीको बैंकको सम्पत्तिमा द्बितीय हक हुनेछ । बैंकको सम्पत्तिमा सुरक्षित साहु र निक्षेपकर्ताको प्रथम हक लाग्नेछ ।

(ग) **ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको नाम, ठेगाना तथा कम्पनी र ट्रष्टीबीच भएको सम्झौता (Trustee Deed) का प्रमुख बुँदाहरुः**
ऋणपत्र निष्काशन गर्दा ट्रष्टी नियुक्त गर्नु पर्ने व्यवस्था अनुरुप निम्नानुसार ऋणपत्र ट्रष्टीको व्यवस्था गरिएको छ ।
 (अ) **ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको नाम तथा ठेगाना** : ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त एनआईबिएल एस क्यापिटल लि., लाजिम्पाट, काठमाण्डौ रहेको छ ।
 (आ) **ऋणपत्र ट्रष्टी भए बापत लिने सेवा शुल्क** : स्वीकृत विवरणपत्र मार्फत सर्वसाधारणमा तथा ब्यक्तिगत तवरबाट विभिन्न ब्यक्ति वा संघ संस्थालाई बिक्री गरिने ऋणपत्रको ट्रष्टीको रुपमा नियुक्त एनआईबिएल एस क्यापिटल लि., लाजिम्पाट, काठमाण्डौलाई उक्त सेवा प्रदान गरे बापत बार्षिक रु.२५,०००/- (अक्षरुपी पच्चीस हजार रुपैंया मात्र) का दरले एकमुष्ठ रु.१,७५,०००/- (अक्षरुपी एक लाख पचहत्तर हजार रुपैंया मात्र) ट्रष्टी सेवा उपलब्ध गराएको समयावधिका लागि सेवा शुल्कको रुपमा भुक्तानी दिइनेछ ।
 (इ) **ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले तोकेको व्यक्तिको नाम तथा पद योग्यता तथा अनुभव** : ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले उक्त कम्पनीको मर्चेन्ट बैंकिङ्ग बिभागका प्रमुख श्री बद्रि प्रसाद प्याकुरेललाई सम्पर्क ब्यक्तिको रुपमा तोकेको छ । नीजले एम.बि.ए.सम्मको शैक्षिक योग्यता हासिल गरी करिब २० बर्ष भन्दा बढी वित्तीय क्षेत्रको कार्य अनुभव हासिल गर्नु भएको छ ।
 (ई) **ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्बन्धित पक्षको गुनासो सुन्ने र समाधान गर्ने सम्बन्धमा गरेको ब्यवस्था** : ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्बन्धित पक्षको गुनासो सुन्ने र सो को समाधान गर्ने सम्बन्धमा तोकिएको सम्पर्क ब्यक्ति मार्फत वा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको कार्यालय मार्फत आवश्यक व्यवस्था गरेको छ । साथै गुनासाहरु लिखित रुपमा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा जम्मा गराउनु पर्नेछ ।
 (उ) **ऋणपत्र निष्काशन गर्ने बैंक र ऋणपत्रवालाहरुको हित संरक्षण गर्न ट्रष्टीको रुपमा काम गर्ने ऋणपत्र ट्रष्टी बीच कम्पनी ऐन, २०६३ बमोजिम सम्झौता भएको कुरा** : ऋणपत्र निष्काशन गर्ने कम्पनी र ऋणपत्रवालाहरुको हित संरक्षण गर्न ट्रष्टीको रुपमा काम गर्ने ऋणपत्र ट्रष्टी बीच कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था अनुरुप सम्झौता गरिएको छ ।
 (ऊ) **ऋणपत्र ट्रष्टीको अधिकार र दायित्व, ऋणपत्र ट्रष्टीले जाँचबुझ गर्न र विवरण माग गर्न सक्ने, ऋणपत्र ट्रष्टीलाई ऋणपत्रवालाहरुको अधिकार हुने आदि व्यवस्थाहरु कम्पनी ऐन, २०६३ अनुरुप भएको कुरा** : ऋणपत्र ट्रष्टीको अधिकार र दायित्व, ऋणपत्र ट्रष्टीले जाँचबुझ गर्न र विवरण माग गर्न सक्ने, ऋणपत्र ट्रष्टीलाई ऋणपत्रवालाहरुको अधिकार हुने आदि व्यवस्थाहरु कम्पनी ऐन, २०६३ अनुरुप गरिएको छ ।
 (ए) **ऋणपत्र ट्रष्टी र बैंक बीच भएको सम्झौताको प्रति नेपाल धितोपत्र बोर्डमा दर्ता गरिएको कुरा** : ऋणपत्र ट्रष्टी र कम्पनी बीच भएको सम्झौताको प्रति नेपाल धितोपत्र बोर्डमा दर्ता गरिएको छ ।
 (ऐ) **ऋणपत्र ट्रष्टी र बैंक बीच भएको सम्झौता तथा अन्य आवश्यक ब्यवस्थाहरु ऋणपत्रवालाले हेर्न वा जान्न चाहेमा सो उपलब्ध गराउने सम्बन्धमा गरिएको व्यवस्थाः** ऋणपत्र ट्रष्टी एनआईबिएल एस क्यापिटल लि. र बैंक बीच भएको सम्झौता तथा अन्य आवश्यक व्यवस्थाहरु ऋणपत्रवालाले हेर्न वा जान्न चाहेमा ऋणपत्र ट्रष्टी वा कम्पनीको रजिष्टर्ड कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राखी हेर्न वा जान्न सकिने व्यवस्था गरिएको छ ।
 (ओ) **अन्य** :
 - ऋणपत्र ट्रष्टीले ऋणपत्रवालाहरुको हित संरक्षण गर्ने ।
 - कम्पनीले ऋणपत्र ट्रष्टीलाई आफ्नो वित्तीय कारोबारको परिष्कृत आर्थिक विवरण आर्थिक बर्ष समाप्त भएको ६ महिना भित्र अनिवार्य रुपमा पठाउनु पर्ने ।
 - ऋणपत्र ट्रष्टीले कम्पनीले स्थापना गरेको ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) को अनुगमन गर्ने ।
 - कम्पनीले पुनः अर्को ऋणपत्र निष्काशन गर्नु परेमा ऋणपत्र ट्रष्टीको पूर्व स्वीकृती लिनुपर्ने ।

(घ) **परिवर्तनशील ऋणपत्र जारी गरिने भएमा ऋणपत्रको परिवर्तन अनुपात, मूल्य, प्रिमियम तथा परिवर्तन मिति, मताधिकारको व्यवस्था** : सो नभएको

(ङ) **ऋणपत्र जारी गर्नुको उद्देश्य तथा सम्पन्न हुने कार्य योजना** :
- कम्पनीले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिहरुलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न ।
- कम्पनीको पूँजीकोष वृद्धि गर्न ।
- प्रबन्धपत्रमा उल्लेख गरिएका उद्देश्य अनुरुप गर्नुपर्ने कार्यहरुका लागि आवश्यक पर्ने पूँजी जुटाउन ।

(च) **जारी पूँजी चुक्ता भए/नभएको** : कम्पनीको जारी पूँजी सम्पूर्ण चुक्ता भैसकेको ।

(छ) **यस भन्दा अगाडी जारी भएको ऋणपत्रको विवरण** :

विवरण	ब्याजदर	संख्या	जम्मा रकम रु.	जारी मिति	भुक्तानी मिति	ऋणपत्र भुक्तानी कोष (रु.)
११% एस. बि. एल. डिबेन्चर २०७५	११%	४००,०००	४००,०००,०००	१/१२/२०६९	१/११/२०७६	३५५,८५१,२७२/-
८% एस. बि. एल. डिबेन्चर २०७६	८%	३०३,५२०	३०३,५२०,०००	२/६/२०७०	२/५/२०७७	२२३,५७१,२८८/-
७.५% एस. बि. एल. डिबेन्चर २०७८	७.५%	५००,०००	५००,०००,०००	१०/९/२०७१	१०/८/२०७८	२४८,५३२,२९०/-

(ज) **नेपाल राष्ट्र बैंकले डिबेन्चर जारी गर्नका लागि दिएको शर्तहरु** :
यस सिद्धार्थ बैंक लिमिटेडले निष्काशन गर्न लागेको "एस.बि.एल. डिबेन्चर २०८२" ऋणपत्र निष्काशन गर्नका लागि नेपाल राष्ट्र बैंकद्वारा मिति २०७५/०४/०७ को पत्र मार्फत देहाय बमोजिमका शर्तहरु पालना गर्नुपर्ने भनी स्वीकृती प्रदान गरेको ।
१) कुनै पनि सुरक्षण नराखी "एस.बि.एल. डिबेन्चर २०८२" निष्काशन गर्नुपर्ने ।
२) डिबेन्चरको अवधि ७ बर्षको हुने ।
३) प्रस्तावित डिबेन्चरमा प्रदान गरिने व्याज ६/६ महिनामा भुक्तानी गर्नुपर्ने, प्रस्ताव गरे बमोजिम डिबेन्चरको बार्षिक व्याजदर १०.५० प्रतिशत हुनु पर्ने र आर्जित व्याज रकममा आयकर ऐन अनुसार आयकर लाग्ने व्यवस्था गर्नुपर्ने ।
४) बैंक विघटन भएको अवस्थामा "एस.बि.एल. डिबेन्चर २०८२" को भुक्तानी निक्षेपकर्ता भन्दा पछि मात्र हुने ।
५) "एस.बि.एल. डिबेन्चर २०८२" जारी भएको मितिले बढीमा ३ महिना भित्रमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत गर्नुपर्ने ।
६) सिद्धार्थ बैंक लिमिटेड बाहेक अन्य बैंक तथा वित्तीय संस्थाबाट उक्त डिबेन्चर धितो राखी ऋण लिन सकिने व्यवस्था गर्नु पर्ने ।
७) "एस.बि.एल. डिबेन्चर २०८२" निष्काशन गर्नु अघि विवरणपत्र यस बैंकमा दर्ता गरी प्रकाशन गर्नुपर्ने ।
८) "एस.बि.एल. डिबेन्चर २०८२" को रकम भुक्तानी गर्ने प्रयोजनको लागि Redemption Reserve को व्यवस्था गर्न बैंकको वार्षिक मुनाफाबाट ऋणपत्र निष्काशन भएको पछिल्लो पाँच वर्षदेखि बीस प्रतिशतले बराबर रुपमा (Proportionate Period Basis) नाफा/नोक्सान हिसाबबाट रकम छुट्याई ७ बर्ष भित्र कुल रु.२ अर्ब २५ करोड बराबरको उक्त कोषमा जम्मा हुने व्यवस्था गनुपर्ने । साथै, नाफा नभएको अवस्थामा मुनाफाबाट छुट्याउनुपर्ने रकम कुन कोषबाट व्यवस्था गर्ने हो सो स्पष्ट रुपमा विवरणपत्र उल्लेख हुनुपर्ने ।
९) Private Placement को आधारमा बिक्री गरिने डिबेन्चरको सम्बन्धमा कुनै संघ/संस्थासँग अग्रिम कुनै सम्झौता भएको भए सो सम्झौताको प्रमाणित प्रतिलिपि यस बैंकमा पेश गर्नु पर्ने,
१०) यदि कुनै पक्षले सो पक्षलाई छुट्याएको डिबेन्चर खरिद नगरेमा सो डिबेन्चर अर्को पक्षलाई खरिद गर्ने व्यवस्था गर्नुपर्ने ।

(झ) **अन्य** :
- यो ऋणपत्र सिद्धार्थ बैंक बाहेक अन्य बैंक वा वित्तीय संस्थामा धितो राखी ऋण लिन सकनेछ ।
- यस ऋणपत्रलाई नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकरण गराई खरिद बिक्रीको व्यवस्था मिलाइनेछ ।
- ऋणपत्र भुक्तानी गरेपछि "भुक्तानी कोष" मा कुनै रकम बाँकी रहन गएमा त्यस्तो रकमलाई विशेष जगेडा हिसाबमा सार्नु पर्ने ।
- यस विवरणपत्र मार्फत प्रति डिबेन्चर रु.१,०००/- अंकित मूल्यका २२ लाख ५० हजार कित्ताले हुन आउने रु.२ अर्ब २५ करोड बराबरको ऋणपत्र मध्ये ४ लाख ५० हजार कित्ता ऋणपत्रले हुन आउने कुल रु.४५ करोड ऋणपूँजी रकम (सो मध्ये ५% अर्थात २२,५०० कित्ता डिवेन्चर सामुहिक लगानी कोषका लागि छुट्टयाएको समेत) सर्वसाधारण नेपालीको लागि सार्वजनिक निष्काशनबाट बिक्री गरिनेछ ।
- ऋणपत्रको ब्याज भुक्तानी गर्ने स्थान : यस ऋणपत्र धारण गर्ने ऋणपत्रधनीले निजले धारण गरेको ऋणपत्रमा आर्जित ब्याज रकम सिद्धार्थ बैंक लिमिटेडको कुनै पनि शाखाबाट वा बैंकले तोकेको स्थानबाट आफ्ना ब्याज भुक्तानी पूर्जा पेश गरी भुक्तानी लिन सक्ने गरी निष्काशन गरिएको छ ।
- ऋणपत्रको बाँडफाँट पश्चात बाँडफाँटमा पर्ने सम्पूर्ण ऋणपत्रधनीहरुलाई बाँडफाँट भएको दिन देखिको पहिलो अर्धबार्षिकको ब्याज रकम सो अर्धवार्षिक अवधिको समाप्ति पश्चात भुक्तानी दिइनेछ । यस ऋणपत्र धारण गर्ने प्रत्येक ऋणपत्रधनीलाई ब्याज रकम भुक्तानी गर्नका लागि ब्याज भुक्तानी पूर्जा (Interest Coupon) दिइनेछ ।
- बैंकको स्वीकृत विवरणपत्र मार्फत ऋणपत्र निष्काशन पूर्व र निष्काशन गरी बाँडफाँट गरे पश्चातको ऋण र पूँजीको अनुपात निम्नानुसार रहेको/रहने छ ।

ऋणपत्र निष्कान पूर्व	ऋणपत्र निष्काशन गरी बाँडफाँट गरे पश्चात
१४.२२%	४०.८०%

१३. ऋणपत्र निष्काशनको उद्देश्य तथा सम्पन्न हुने कार्य योजना :
- कम्पनीले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिहरुलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न ।
- कम्पनीको पूँजीकोष वृद्धि गर्न ।
- प्रबन्धपत्रमा उल्लेख गरिएका उद्देश्य अनुरुप गर्नुपर्ने कार्यहरुका लागि आवश्यक पर्ने पूँजी जुटाउन ।

१४. धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था :
(क) **अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रकृया** : यस विवरणपत्र मार्फत जारी गरिएको ऋणपत्र संख्या भन्दा बढी संख्यामा ऋणपत्र खरिदको लागी दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र बाँडफाँट सम्बन्धी निर्देशिकामा भएको व्यवस्था अनुसार ऋणपत्र बाँडफाँट गरिनेछ र ऋणपत्र बाँडफाँट सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।
(ख) **अत्याधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी ब्यवस्था** : यस विवरणपत्र मार्फत जारी गरिने ऋणपत्रको लागि "धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" अनुरुप आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट मात्र आवेदन दिन सकनेछ र आवेदकहरुको बाँडफाँटमा नपरेको ऋणपत्र वापतको रकम सम्बन्धित बैंक तथा वित्तीय संस्थाले आवेदकले आवेदन गर्दाको बखत रोक्का राखेको खाताको रकम मात्र फुकुवा गरि फिर्ता भुक्तानी गरिनेछ ।
(ग) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर** : लागु नहुने ।
(घ) **धितोपत्रको बाँडफाँट तथा प्रमाणपत्र जारी सम्बन्धी प्रक्र्या र समयावधि** : निष्काशन गरिने ऋणपत्र प्रचलित धितोपत्र निष्काशन निर्देशिका तथा प्रचलित धितोपत्र बाँडफाँट सम्बन्धी व्यवस्थाअनुसार ऋणपत्रको बाँडफाँट गरी सूचिकरण भए पश्चात सम्बन्धित ऋणपत्रवालाको हितग्राही (Demat) खातामा जम्मा गरिनेछ ।
(ङ) **धितोपत्र सूचिकरण भैसकेको भए, त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नु पर्ने शर्तहरु सम्बन्धी विवरण** : यस बैंकको देहाय बमोजिमको धितोपत्रहरु नेपाल स्टक एक्सचेन्ज लि.मा सूचीकरण भै कारोबार समेत भैरहेको छ ।

सि.नं.	सूचीकरण भैसकेको धितोपत्रको विवरण	चुक्ता रकम (रु.)
१.	रु.१००/- दरको ८४,६४३,८५२.७२ कित्ता साधारण शेयर	८,४६,४३,८५,२७२/-
२.	रु.१,०००/- दरको ४,००,००० कित्ता ११% एस. बि. एल डिबेन्चर २०७५	४०,००,००,०००/-
३.	रु.१,०००/- दरको ३,०३,५२० कित्ता ८% एस. बि. एल डिबेन्चर २०७६	३०,३५,२०,०००/-
४.	रु.१,०००/- दरको ५,००,००० कित्ता ७.५% एस. बि. एल डिबेन्चर २०७८	५०,००,००,०००/-

(च) **धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण** : स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ को दफा ६ मा भएको ब्यवस्था बमोजिम धितोपत्र निष्काशन स्वीकृत भएको ७ कार्य दिनभित्र धितोपत्र सूचिकरणको लागि नेपाल स्टक एक्सचेन्ज लि. तथा अभौतिकरणका लागि सिडिएस एण्ड क्लियरिङ्ग लि.मा निवेदन दिईनेछ ।

१५. आवेदन दिँदा ध्यान दिनुपर्ने कुराहरु :
(क) **धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार,लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण** :
धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ/गरिनेछ । साथै स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिएको ऋणपत्र खरिदका लागि आवेदन गरी बाँडफाँट भए पश्चात कायम ऋणपत्रधनीहरुले कम्पनीको वार्षिक साधारण सभामा भाग लिन र मतदान गर्न पाउने छैन् ।
(ख) **नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण** :
 १. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समय भित्र बैंकको रजिष्टर्ड कार्यालय, हात्तिसार, काठमाण्डौ तथा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआईबिएल एस क्यापिटल लि., लाजिम्पाट, काठमाण्डौमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ ।
 २. स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले न्यूनतम २५ (पच्चीस) कित्ता र अधिकतम १,००,००० (एक लाख)कित्ता ऋणपत्र खरिदका लागि आवेदन दिनु पर्नेछ । न्यूनतम २५ (पच्चीस) कित्ता भन्दा बढी ऋणपत्र खरिद गर्नका लागि १ अंकको गुणाङ्कमा अधिकतममा १,००,००० (एक लाख) कित्ता ऋणपत्र खरिद गर्नका लागि दरखास्त दिन सकिनेछ ।
 ३. स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र खरिद गर्नका लागि दरखास्त दिँदा दरखास्तवालाले दरखास्त साथ आफुले खरिद गर्न चाहेको ऋणपत्र संख्याको प्रति ऋणपत्र रु.१,०००/- (एक हजार) का दरले हुन आउने एकमुष्ठ रकम नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थामा जम्मा गरी आवेदन दिनु पर्नेछ ।
(ग) **आवेदन दिँदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु** :
 १. कुनै पनि सर्वसाधारण नेपाली नागरिकले स्वीकृत विवरणपत्र मार्फत जारी गरिने ऋणपत्र खरिदका लागि दरखास्त दिन सक्नेछन । निष्काशित सम्पूर्ण ऋणपत्रका लागि ४ (चार) कार्य दिन सम्ममा सर्वसाधारण नेपाली नागरिकबाट आवेदन प्राप्त नभएको खण्डमा मात्र नेपाली संघ संस्था वा कम्पनीले आवेदन दिन पाउनेछ ।
 २. दरखास्त दिँदा नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्था मार्फत आवेदन फाराम बुझाउनु पर्नेछ र सोही संस्थाबाट उपलब्ध गराईने आवेदन फाराममा उल्लेखित सम्पूर्ण विवरणहरु स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । सो सम्बन्धी अन्य प्रकृया तथा शुल्क सम्बन्धी व्यवस्था सम्बन्धित आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाले आफ्नो कार्यालयको सूचनापाटी, वेबसाइट वा राष्ट्रिय स्तरको दैनिक पत्रपत्रिकामा प्रकाशित गरी तोके बमोजिम हुनेछ ।
 ३. आवेदकले आवेदन दिँदा आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थामा रहेको आवेदन बापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्कृय रहेको हुनु हुँदैन ।
 ४. एक व्यक्तिले आफुले खरिद गर्न चाहेको ऋणपत्रको लागि एक भन्दा बढी दरखास्त दिने पाउने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी दरखास्त प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्ध गरिनेछ ।
 ५. रितपूर्वक प्राप्त नभएको आवेदनलाई ऋणपत्र बाँडफाँटमा समावेश गरिने छैन र सो को जिम्मेवार आवेदक/सम्बन्धित आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्था स्वयं हुनेछ ।
 ६. ऋणपत्र खरिदका लागि दरखास्त दिँदाको अवस्थामा वा दरखास्त दिई सकेपछि खरिद गरेको ऋणपत्र बापतको रकम भुक्तानी नहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो आवेदन फारामलाई रद्द गरी सो को जानकारी सम्बन्धित आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थालाई गराउनेछ ।

१६. विवरणपत्र तथा दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान :

क्र.सं.	विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना
१.	एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौं र वेवसाइट : www.niblcapital.com
२.	सिद्धार्थ बैंक लिमिटेड, हात्तिसार, काठमाडौं र वेवसाइट : www.siddharthabank.com

क्र.सं.	दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान
१.	नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु

१७. सकारात्मक पक्षहरु :
१. देशका अनुभवी तथा दक्ष ब्यक्तिहरुद्वारा स्थापित भएकोले यस बैंकको व्यवस्थापन सक्षम तथा प्रभावकारी भएको ।
२. जोखिम लेखाजोखा पश्चात मात्र लगानी तथा कर्जाको अवसरहरुमा कोषको प्रवाह भएको ।
३. स्थापनाकालदेखि नै पूर्ण कम्प्युटरीकृत प्रविधिबाट वित्तीय सेवा प्रदान गर्दै आइरहेको ।
४. बैंकिङ्ग क्षेत्रमा द्रुत गतिमा व्यवसाय विस्तार गर्न सफल रहेको ।

१८. धितोपत्र बिक्री खुल्ला अवधि :
स्वीकृत विवरणपत्रद्वारा सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणहरुमा जारी गरिने डिबेन्चरको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तिमा ४ (चार) कार्य दिन र बढीमा ३० दिन सम्म खुल्ला रहनेछ ।

१९. संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समयः
कार्यालय समयभित्र निम्नस्थानहरुमा सम्पर्क राखिबैंकको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा(नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।
१. बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय, हात्तिसार, काठमाण्डौ ।
२. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री एनआईबिएल एस क्यापिटल लि., लाजिम्पाट, काठमाण्डौ ।

२०. क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण :
यस बैंकले जारी गर्न लागेको ७ बर्ष अवधि तथा बार्षिक १०.५% ब्याजदर भएको "१०.५% एस.बि.एल. डिबेन्चर २०८२" ऋणपत्रलाई ईक्रा नेपाल लिमिटेडले मध्यम कर्जा जोखिम (Moderate Credit Risk) जनाउने "[ICRANP] LBBB+" (Pronounced as ICRA NP Long Term Debt Rating Triple B Plus) रेटिङ्ग मिति २०७५/०५/०८ मा प्रदान गरेको छ । उक्त क्रेडिट रेटिङ्ग प्राप्त गर्ने Instrument लाई समयमानै वित्तीय दायित्व पूरा गर्ने सम्बन्धमा मध्यम मात्रामा सुरक्षित मानिन्छन् । जोखिमको दृष्टीमा यस्ता उपकरणहरु मध्यम क्रेडिट जोखिम भएको मानिन्छन् । यसैगरी, यस बैंकले जारी गरिसकेको रु.५० करोडको ७ बर्ष अवधि तथा बार्षिक ७.५% ब्याजदर भएको "७.५% एस.बि.एल. डिबेन्चर २०७८" लाई ईक्रा नेपाल लिमिटेडले "[ICRANP] LBBB+" (Pronounced as ICRA NP Long Term Debt Rating Triple B Plus) रेटिङ्ग Re-affirm गरेको छ । साथै, यस बैंकलाई ईक्रा नेपाल लिमिटेडले "[ICRANP-IR] BBB+" (Pronounced as ICRA NP Issuer Rating Triple B Plus) रेटिङ्ग Re-affirm गरेको छ ।

२१. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :
निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक कक्षको व्यवस्था गरिएको छ । लगानीकर्ताहरुले देहाय बमोजिमको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझाव प्रेषित गर्न सक्नेछन्ः
सम्पर्क व्यक्ति : श्री बद्री प्रसादर प्याकुरेल र राम कुमार महत, फोन नं. ०१-४००५०८०

NIBL ACE CAPITAL
Managing shares. Managing investments.
wholly owned subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः

एनआईबिएल एस क्यापिटल लिमिटेड
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com, Website: www.niblcapital.com
(साविक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड तथा साविक एस क्यापिटल लिमिटेड)